बैठक संख्या: ३२
मिति: २०८०/१२/२८
समय: बिहान ८:०० बजे
स्थान: नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन ।

आज मिति २०८०/१२/२८ गते यस कालिका नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विनोद रेग्मी | |
| २ | नगर उपप्रमुख | श्री विमला तमाङ | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री विरेन्द्र तमाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमल राज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नरजंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री फारम कुमारी ढकाल | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री भुव कुमारी रानामगर | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दिपक सिंह परियार | |
| २० | नगर कार्यपालिका सदस्य | श्री ज्योति सुनार | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री धन माया प्रजा | |
| २२ | सचिव | श्री चूडामणि शर्मा गौतम | |

नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

**कार्यपालिका बैठकको निर्णय निकासा**

बैठक सख्या: ३२ | बैठक मितिः २०८०/१२/२८

| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | शुभकामना आदान प्रदान सम्बन्धमा । | नयाँ बर्ष २०८१ को पावन अवसरमा सम्पूर्ण नगरबासी, जनप्रतिनिधि तथा कर्मचारीवर्गमा हार्दिक शुभकामना व्यक्त गर्ने । | |
| २. | आर्थिक प्रशासन शाखा | आगामी आ.व.२०८१/०८२ को बार्षिक बजेट सम्बन्धमा । | आगामी आ.व. २०८१/०८२ को बार्षिक बजेट तयारी सम्बन्धमा नगर उपप्रमुखको संयोजकत्वमा स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन, २०७४ मा व्यवस्था भए बमोजिम देहायको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने र बजेट तयारी कार्य अघि बढाउने ।<br>(क) उपप्रमुख — संयोजक<br>(ख) बिषयगत समितिका संयोजकहरु — सदस्य<br>(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य<br>(घ) योजना शाखा प्रमुख — सदस्य सचिव | |
| ३. | योजना शाखा | उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु सम्बन्धमा । | योजना शाखाबाट पेश भए बमोजिम कालिका-८,९, १० र ११ नं वडामा उपभोक्ता समितिहरुमार्फत सञ्चालन हुने ग्रामिण सडक मर्मत तथा बिस्तारका योजनाहरुमा एक्स्काभेटर प्रयोग नगरी पहिरो पन्छाउने जस्ता कार्य गर्न नसकिने भएकोले प्राविधिकबाट योजनाको लागत अनुमान तयार गर्दा नै मेशिन प्रयोग गर्नुपर्ने उल्लेख भई आएका विविध योजनाहरु र विभिन्न स्थानमा डिप बोरिङ्ग खन्ने प्रयोजनको लागि मेशिनबाट कार्य गर्नुपर्ने भएकोमा सो बमोजिम निर्माण कार्य अघि बढाउने । | सूची संलग्न |
| ४. | योजना शाखा | खरिद सम्झौता अन्य, क्षतिपूर्तिबापतको आर्थिक दायित्व असुल उपर, कालोसूचीमा राखी बाँकी रहेको निर्माण कार्यको खरिद प्रक्रिया अगाडी बढाउने सम्बन्धमा । | यस कालिका नगरपालिकाको आ.व. २०७७/७८ मा ठेक्का प्रकाशन तथा सम्झौता भई रुग्ण अवस्थामा रहेको ठेक्का नं 027/WORKS/NCB/KM/077/078 ठेक्काको नाम विभिन्न कल्भर्ट निर्माण रहेको ठेक्काको निर्माण व्यवसायी सेक्टर कन्सल्ट्यान्ट एण्ड डेभलपर्स, रत्नगर-१०, चितवनको सन्दर्भमा देहाय बमोजिम गर्ने ।<br>देहायः<br>१. सेक्टर कन्सल्ट्यान्ट एण्ड डेभलपर्स, रत्नगर-१०, चितवनलाई ३ (तीन) बर्ष कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयसमक्ष सिफारिस गर्ने ।<br>२. ठेक्का सम्झौता बमोजिम सम्पन्न हुन बाँकी कार्य साथै उक्त कार्य नहुँदा निर्माण स्थलमा थप हानी नोक्सानी हुँदा निर्माण कार्यसम्बन्धी थप हुने कार्य एकिन गरी नगरपालिकाको आवश्यकता अनुसार लागत अनुमान तयार गरी सोको ठेक्कामार्फत खरिद प्रक्रिया अगाडी बढाउने ।<br>३. पेश भए बमोजिमको निर्माण कार्य सम्बन्धीको क्षतिपूर्तिबापतको हालसम्मको बाँकी सृजित आर्थिक दायित्व तथा नियमानुसार असुल उपर गर्नुपर्ने अन्य रकम असुलीको प्रक्रियाको लागि आवश्यकता अनुसार सम्बन्धित निकायमा सहयोगको लागि पत्राचार गर्ने । | |
| ५. | प्रशासन शाखा | नगर प्रहरी नियुक्ति अनुमोदन सम्बन्धमा । | कालिका नगरपालिकाको नगर प्रहरी भर्ना तथा छनोट प्रक्रियाबाट छनोट भएका ९ (नौ) जना नगर प्रहरीहरुको छनोट तथा नियुक्ति अनुमोदन गर्ने । | |
| ६. | प्रशासन शाखा | कानून व्यवसायी नियुक्ति सम्बन्धमा । | कालिका नगरपालिकाको कार्यालय, चितवनलाई विपक्षी बनाई रिट निवेदक होमनाथ मिश्रसमेत भई सम्मानित श्री सर्वोच्च अदालत रिट नं ०८०-wo-०९६० उत्प्रेषणयुक्त परमादेशसम्बन्धी मुद्दामा कालिका नगरपालिकाको तर्फबाट लिखित जवाफसहित उक्त मुद्दाको पुपक्षमा सामेल गर्न यसै कार्यालयका कर्मचारी न्यायिक सहजकर्ता श्री लक्ष्मी पोखरेललाई अख्तियारनामा दिई पठाउने र सो मुद्दाको सम्बन्धमा नगरपालिकाको तर्फबाट आवश्यक बहस पैरवीका लागि अधिवक्ता श्री केदार प्रसाद दाहाललाई नियुक्ति गर्ने र सेवा करार सम्झौतामार्फत् अन्य प्रक्रिया अगाडी बढाउने । | |
| ७. | राजश्व शाखा | राजश्व फिर्ता सम्बन्धमा । | राजश्व शाखाबाट पेश भएबमोजिम कालिका-९ का वडा सचिव श्री मधु कुमार थापाको SuTRA ID बाट रु.३,२००।- राजश्व दोहोरो काटेको देखिएकोले सो राजश्व रकम फिर्ता गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ८. | योजना शाखा | आर्थिक सहायता तथा योजना सम्बन्धमा । | नगरप्रमुखस्तरबाट भएका विभिन्न नागरिक/संस्थाहरुलाई आर्थिक सहयोगसम्बन्धी निम्नानुसारका निर्णयहरुको अनुमोदन गर्ने ।<br>१. कालिका-१ बस्ने विष्णु बहादुर तामाङको छोराको जापानमा मृत्यु भएकोमा परिवारलाई रु.१५,०००।-<br>२. कालिका-६ बस्ने महेश अधिकारीको उपचारार्थ रु.१०,०००।-<br>३. कालिका-९ बस्ने कुमार चेपाङको घरमा आगलागी भएकोमा राहतस्वरुप रु.१०,०००।-<br>४. कालिका-४ बस्ने प्रकाश थापा क्षेत्रीको छोराको उपचारको लागि सहयोगस्वरुप रु.१०,०००।-<br>५. कालिका-८ बस्ने मीन बहादुर मगरको उपचारार्थ रु.१०,०००।-<br>६. नेपाल उत्पीडित जातिय मुक्ति समाज, कानपालाई रु.१५,०००।-<br>७. कालिका-७ बस्ने लाल बहादुर श्रेष्ठको उपचारार्थ रु.७,०००।-<br>८. कालिका-९ बस्ने नरेन्द्र गिरीको उपचारार्थ रु.१५,०००।-<br>९. नेवा समाज, भरतपुर, चितवनको कार्यक्रमको लागि रु.२०,०००।- | |
| ९. | योजना शाखा | रकम विनियोजन/रकमान्तर सम्बन्धमा । | योजना शाखाबाट पेश भएअनुसार देहाय बमोजिमको चालु आ.व. २०८०/८१ को विभिन्न शीर्षकको रकम विनियोजन/रकमान्तर गर्ने । | |

| क्र.सं. | योजनाको नाम | बजेट रकम | कायम हुने योजनाको नाम | बजेट रकम |
|---|---|---|---|---|
| ८ | पदाधिकारी बैठक भत्ता | ७,००,०००।- | पदाधिकारी भ्रमण खर्च | ४,००,०००।- |
| ४५ | करार सम्झौता बमोजिम कर्मचारीलाई खर्च | १,६९,००,०००।- | | |
| २ | कर्मचारीको तलब सञ्चयकोष बीमा आदि खर्च | १,८७,००,०००।- | कर्मचारी भ्रमण खर्च | ५,००,०००।- |
| | | | कर्मचारी बैठक भत्ता | २,००,०००।- |
| | | | सवारी साधन मर्मत | २,००,०००।- |
| | | | विभिन्न सवारी साधन (हेभी इक्युपमेन्ट मेशिनरी औजारसमेत) मर्मत | ३,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १०. | पूर्वाधार शाखा | प्रशासनिक भवन निर्माणको म्याद सम्बन्धमा । | यस नगरपालिकाको 001/WORKS/NCB/BRM/076-77 नगरपालिकाको प्रशासकीय भवन निर्माणको कामको म्याद सकिएको हुँदा म्याद समाप्त भएको मितिदेखि नै लागू हुने गरी मिति २०८१ कार्तिक मसान्तसम्मको लागि थप दायित्व सिर्जना नहुने गरी म्याद थप गर्ने । | |
| ११. | भवन तथा बस्ती विकास शाखा | मापदण्ड नपुगेको घर/भवन अभिलेखीकरण सम्बन्धमा। | भवन तथा बस्ती विकास शाखाबाट पेश भए बमोजिम कालिका नगरपालिका भवन निर्माण तथा नक्सा पास निर्देशिका, २०८० को परिच्छेद-९ को दफा ४७ (ख) पूर्व निर्मित भवनको अभिलेख सम्बन्धी व्यवस्था अनुसार मापदण्ड नपुगेको घर तथा भवन अभिलेखीकरणको लागि आवश्यक प्रक्रिया पुरा गरी पेश भएका संलग्न सूची बमोजिमका घर/भवनहरुको अभिलेखीकरण गरी अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्ने । | सूची संलग्न |

देहाय:

| क्र.सं. | घरधनीको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल | वडा समितिको निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सोमल कुमाल | कालिका-३ पदमपुर – ८ क | ९९० | ५७६.९८ | २०८०/१२/२७ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने |
| २. | दल बहादुर छेत्री | कालिका-५ पदमपुर ५/क | ५०३ | १५२.३७ | २०८०/०९/२६ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने र संधियार तर्फ हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ३. | जगत कुमारी भण्डारी | कालिका-२, पदमपुर २/क | ९५ | ०-७-०-० | २०८०/१०/१४ | संधियार तर्फ हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ४. | आसमान तमाङ | कालिका-७, जुटपानी ४/घ | ७२५ | ०-६-१७.५ | २०८०/०६/२९ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने |

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकिय अधिकृत